# रुरुक्षेत्र गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बलेटक्सार, गुल्मी, ५ नं.प्रदेश, नेपाल

आन्तरिक आय तर्फको शिलवन्दी वोलपत्र आह्वान सम्वन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति- २०७६/०६/१५)

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ घ (१),घ(२) र घ(६) मा भएको व्यवस्था ,प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, ५ नं.प्रदेश सरकारको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ मा भएको व्यवस्था तथा रुरुक्षेत्र गाउँपालिका,गाउँकार्यपालिकाको मिति २०७६/०५/३० को निर्णयानुसार देहायको शिर्षकहरुमा कर तथा शुल्क असुली सम्वन्धी काम आ.व. २०७६/०७७ को लागि ठेक्काद्धारा गराउन यो सूचना दास्रो पटक प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र योग्यता पूगेका फर्महरुले वोलपत्र खरिद गरि देहायको मिति र समय भित्र शिलवन्दी वोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

आन्तरिक आय ठेक्का विवरण

| आय ठेक्का नं. | आयको विवरण | आ.व.०७६/०७७ का लागि कायम न्यूनतम अङ्क ( कर र मू.अ.कर वाहेक) | संकलन उत्खनन गर्न पाउने अधिकतम परिमाण (वार्षिक) | संकलन उत्खनन दर (वातावरण शुल्क सहित ) प्रति क्यू.फिट | वोलपत्र फारम दस्तुर | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|---|
| RRMIR /०७६-७७/०३ | रुरुक्षेत्र गाउँपालिकाको वडा नं. ५ वढिघाट खोला वगाउने वगर क्षेत्र | रु.४,१८,४७८।७ | १,३९,४९२।९ क्यु.फु. (३,९५० घ.मी.) | रु.३ +२ | रु.१,००० | रु. १२,५५५/- |
| RRMIR /०७६-७७/०४ | रुरुक्षेत्र गाउँपालिकाको वडा नं. ५ वढिघाट खोला उल्लीखोला वगर क्षेत्र | रु.८,८९,३९९।८ | २,९६,४६६।६ क्यु.फु. (८,३९५ घ.मी.) | रु.३ +२ | रु.१,००० | रु. २६,६८२/- |

ठेक्का सम्वन्धी शर्तहरु-

१. उल्लेखित ठेक्काहरुको लागि वोलपत्र फारम छुट्टाछुट्टै पेश गर्नु पर्नेछ।

२. वोलपत्र खरिद गर्न इच्छुक फर्म वा कम्पनीहरुले वोलपत्र खरिद गर्नको लागि व्यवसाय, फर्म दर्ता प्रमाणपत्रको प्रतिलीपी (नविकरण सहित) आ.ब. ०७४/७५ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलीपी, स्थायी लेखा नम्वर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपि र नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपी सहित कार्यालय समयमा सुचनाको म्याद भित्र वोलपत्र फाराम खरिद गर्न सकिने छ।

३. ठेक्का अवधी ठेक्का नं. RRMIR/०७६-७७/०३ र RRMIR/०७६-७७/०४ को आ.व. २०७६/७७ जेष्ठ मसान्त सम्म रहनेछ । वन्द,हडताल, प्राकृतिक प्रकोप वा अन्य कुनै विशेष परिस्थितिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावी गर्न पाइने छैन। IEE प्रतिवेदन ले निपेध गरेको अवधी तथा नदी क्षेत्रवाट सामाग्री उत्खनन गर्न पाईने छैन। तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्रि नियमानुसार विक्रि तथा निकासी गर्न सकिने छ।

४. कबुल अंकको थप मूल्य अभिवृद्धि कर १३% राजश्व ठेक्का लिने फर्मले सम्वन्धीत आन्तरिक राजश्व कार्यालयमा र १.५% अग्रिम आय कर कोष तथा लेखानियन्त्रक कार्यालयको राजश्व खातामा वुझाई सो को सक्कल भौचर यस कार्यालयमा पेश गर्नु पर्ने छ।

५. धरौटी वापतको रकम यस कार्यालयको मेघा वैंक वलेटक्सारमा रहेको धरौटी खाता नं ०४९००१००३६५१६.मा नगद दाखिला गरेको सक्कल भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (विडवण्डको सक्कल प्रति) वोल पत्र साथ संलग्न गरी पेश गर्नु पर्ने छ।

६. रित नपुगि आएको वोलपत्र उपर कुनै कारवाहि हुने छैन।

७. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले पन्ध्रौ दिन (उक्त दिन सार्बजनिक बिदा परेमा सो को भोली पल्ट) सम्म कार्यालय समय भित्र वोलपत्र खरिद गरी सोह्रौ दिन (उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोली पल्ट) दिनको १२ वजे भित्र यस कार्यालयमा शिलवन्दी सहित वुझाउनु पर्ने छ। प्राप्त वोलपत्रहरु सोहि दिन दिनको १ वजे गाउँपालिकाको कार्यालयमा खोलिने छ।

८. जमानत वापत वोलपत्रमा आफुले भरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

९. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्वन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन।

१०. प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा कार्यालयले ठेक्का तोड्न सक्ने छ । र त्यसवाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षवाट सरकारी वाँकि सरह असूल उपर गरिने छ।

११. यस कार्यालयमा पेश हुन आएका वोलपत्र, वोलपत्र दाता वा निजको प्रतिनीधीको रोहवरमा खोलिने छ । तर वोलपत्र दाता वा निजको प्रतिनीधी सो समयमा उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन।

१२. वोलपत्र फाराम नियम अनुसारको राजश्व रकम तिरी रुरुक्षेत्र गाउँपालिकाको कार्यालय बलेटक्सारवाट खरिद गर्न सकिने छ।

१३. ढुङ्गा, गिट्टी, वालुवा, रोडा आदिको संकलन उत्खनन् तथा निकासीका सम्वन्धमा जिल्ला स्तरीय अनुगमन समिति, रुरुक्षेत्र गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नु पर्नेछ।

१४. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने, उल्लेख नभएका विषयमा प्रचलित ऐन, कानुन तथा ठेक्का स्वीकृति पश्चात् गरिने सम्झौता अनुसार हुने छ। ठेक्कामा कुनै विवाद भएमा रुरुक्षेत्र गाउँपालिकाको कार्यालयको निर्णय अन्तिम हुने छ।

१५. वोलपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्वन्धी सम्पुर्ण अधिकार गाउँपालिकामा निहित रहने छ।

१६. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ०७९-४१०१०४, ९८५७०६७९१६ र ९८४७०१७१३२ मा सम्पर्क राख्न सकिने छ।

चेतनाथ गिरी

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner